"कृषि, व्यापार र पर्यटन : हाम्रो सशक्त अभियान"

# नमोबुद्ध नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

भकुण्डेबेशी, काभ्रेपलाञ्चोक
बागमती प्रदेश, नेपाल

०११-४०४०३१
०११-४०४०६८

पत्र संख्या : ०७९/०८०
चलानी नं. : १०४०६

मिति : २०७९/११/०३

विषयः जग्गा वर्गीकरण सम्बन्धी जरुरी सूचना।

भू-उपयोग ऐन, २०७६ र भू-उपयोग नियमावली, २०७८ बमोजिम यस नगरपालिका क्षेत्र भित्रका जग्गा जमिनहरू निम्न क्षेत्रमा वर्गीकरण गर्नुपर्ने भएकोले आफ्ना निजि जग्गा, जमीन कुन वर्गमा कायम हुनुपर्ने हो सो सम्बन्धमा आफ्ना राय सुझाव भए यो सूचना प्रकाशन भएका मितिले ७ दिन भित्र निम्न ठेगानामा लिखित राय सुझाव पेश गर्नु हुनका साथै निर्धारित सयम भित्र कुनै राय सुझाव प्राप्त हुन नआएमा तत् सम्बन्धमा नमोबुद्ध नगरपालिकाको निर्णय र नगरपालिकाले तयार गरेको प्रारम्भिक नमोबुद्ध नगरपालिकाको भू-उपयोग क्षेत्र वर्गीकरण सम्बन्धी मापदण्ड तथा आधारहरु, २०७९ नै अन्तिम हुने ब्यहोरा समेत सम्बद्ध सबैमा अनुरोध गरिन्छ।

निम्न क्षेत्र :

(१) कृषि क्षेत्र (२) आवासिय क्षेत्र (३) व्यवसायिक क्षेत्र (४) औद्योगिक क्षेत्र (५) खानी तथा खनिज क्षेत्र (६) वन क्षेत्र (७) नदि खोला, ताल सिमसार क्षेत्र (८) सार्वजनिक उपयोगको क्षेत्र (९) साँस्कृतीक तथा पुरातात्विक महत्वको क्षेत्र।

निम्न ठेगाना :

नमोबुद्ध नगर कार्यपालिकाको कार्यालय, भकुण्डेबेशी, काभ्रेपलाञ्चोकः- कार्यालय समय भित्र लिखित रुपमा।
सम्बन्धित वडा कार्यालय, नमोबुद्ध नगरपालिका, काभ्रेपलाञ्चोकः- कार्यालय समय भित्र लिखित रुपमा।
नमोबुद्ध नगरपालिकाको इमेल ठेगाना info@namobuddhamun.gov.np मा।

*नोटः* नगरपालिकाले तयार पारेको प्रारम्भिक नमोबुद्ध नगरपालिकाको भू-उपयोग क्षेत्र वर्गीकरण सम्बन्धी मापदण्ड तथा आधारहरु, २०७९ नगरपालिकाको आधिकारिक वेभसाइटमा राखिएको छ।

.............................
(शिव प्रसाद लम्साल)
प्रमुख प्रशासकीय अधिकृत